ADVOCACY FORUM-NEPAL
एड्भोकेसी फोरम नेपाल
Lawyers Forum for Human Rights & Rule of Law

REDRESS
Ending Torture, Seeking Justice for Survivors

# संयुक्त राष्ट्र संघद्वारा नेपाललाई बर्दियामा बेपत्ता पारिएका व्यक्तिहरूका दोषीमाथि कारबाही अघि बढाउन आदेश

**काठमाण्डौ तथा वेलायत, २ डिसेम्बर २०१५ -** संयुक्त राष्ट्र संघ, मानव अधिकार समितिको अध्ययनद्वारा बर्दिया जिल्लामा ८ जना युवाहरुको बेपत्ता पार्ने कार्यमा नेपालका पदाधिकारीहरुको संलग्नता रहेको बताउँदै दोषी माथि अभियोग चलाउन माग गरेको छ।

बेपत्ता पारिएको समयमा १४ देखि २३ बर्ष उमेर समुहका धनी राम थारु, सोनी राम थारु, राधु लाल थारु, प्रेम प्रकाश थारु, कमला थारु, मोहन थारु, लौती थारु र चिल्लु थारुलाई ११ अप्रिल २००२ का दिन रातको ११ बजेको समयमा सेनाहरुले बर्दिया नौरङ्गा स्थित निजहरुको घरबाट पक्राउ गरेको थियो । त्यस दिन पछि निजहरुको परिवारले न तिनीहरुलाई देख्न नै पाएका छन न सम्बन्धित अधिकारीहरुबाट तिनीहरुको अवस्थाका बारेमा कुनै विश्वासिलो जानकारी नै पाएका छन ।

उक्त घटना उपर मानवअधिकारवादी संस्थाहरु एड्भोकेसी फोरम र रिड्रेस ट्रष्टको कानूनी सहयोगमा निजका परिवारले दायर गरेको मुद्धामा संयुक्त राष्ट्रसंघद्धारा दोषी माथी कारवाही अगाडी बढाउन आदेश गरेको हो ।

बेपत्ता पारिएका युवाहरु विरुद्ध गरिएको अपराधका साथै नेपालले निजहरुको अवस्थाका बारेमा बताउन इन्कार गरी तिनका परिवारको अधिकारको समेत गम्भिर उल्लङ्घन गरेको समितिले बताएको छ ।

समितिले उक्त मुद्दालाई नेपालमा तत्काल गठन हुने भनिएको सत्य निरुपण तथा मेलमिलाप आयोग वा बेपत्ता आयोगद्वारा हेरिनु पर्याप्त नहुने बताएको छ । बरु नेपालले बेपत्ता पार्ने कार्यमा संलग्न दोषीहरुलाई कारबाही गर्ने उद्देश्यले गहन अनुसन्धानको सुरुवात गर्नु पर्छ भनेको छ । निज व्यक्तिहरु मरिसकेको भए तिनीहरुको लाश परिवारलाई जिम्मा लगाई तिनका परिवारलाई उचित क्षतिपुर्ति प्रदान गरी पुनर्स्थापन गर्नु पर्ने जनाएको छ ।

पक्ष राष्ट्रहरुले नागरिक तथा राजनीतिक अधिकार सम्बन्धि अनुबन्ध पालना गरे नगरेको अनुगमन गर्ने दायित्व बोकेको यस समितिले नेपाललाई यातना तथा बेपत्ता पार्ने कार्यलाई अपराधिकरण गरी गम्भिर अपराध गर्ने व्यक्तिहरुले आपराधिक दायित्वबाट उन्मुक्ति नपाउने कुराको प्रत्याभूत गराउन पनि आह्वान गरेको छ ।

यो बेपत्ता गर्ने कार्य नेपालको आन्तरिक द्वन्दकालमा भएको थियो जतिबेला नेपाली सेना वा माओवादीद्वारा क्रुर कार्य गरिनुका साथै व्यक्ति बेपत्ता पार्ने कार्य सामान्य बनेको थियो । विश्वसनीय प्रतिवेदनहरुले के देखाउँदछ भने बर्दियामा धेरै ठुलो संख्यामा व्यक्तिहरु बेपत्ता पारिएका थिए र थारु जनजाती समुदायका मानिसहरुलाई (जुन समुदायमा बेपत्ता पारिएका युवाहरु पनि पर्दछन्) विशेष गरि निसानामा पारिन्थ्यो ।

"सुरक्षाकर्मीहरुले हाम्रो छोरालाई १३ वर्ष अघि हामीबाट टाढा लगेपछि उसलाई के भयो भनि पत्ता लगाउन केहि पनि नगरेका कारण, हामीले आज सम्म उ जिउँदै छ वा मरिसक्यो होला भन्ने चिन्तामा बस्नु परेको छ

। यदि उ मरिसकेको भए कसरी मऱ्यो र उसको लाशलाई कहाँ गाडियो ? भनी बेपत्ता पारिएका मध्यका एक युवाका बाबु पदम बहादुर थारुले भने । 'अब त संयुक्त राष्ट्र संघले पनि नेपाल सरकारले यतिका बर्षसम्म गलत गर्दै आएको तथ्य थाहा पाइसकेका कारण अन्त्यमा हामीले आजसम्म कुर्दै आएको न्याय तथा सत्य थाहा पाउछौं भन्ने कुरामा आशावादी छौं ।'

'संयुक्त राष्ट्र संघ यो भन्दा स्पष्ट रुपमा प्रस्तुत हुन सक्दैनथ्यो, नीज पीडित युवाका परिवारले १३ वर्ष अघि नै घटना घट्ने बित्तिकै अधिकार प्राप्त अधिकारीहरुलाई उक्त घटनाका बारेमा जानकारी गराएका थिए तर तिनीहरुको अवस्थाका बारेमा स्पष्ट हुन सकिएको अवस्था छैन, र विश्वसनीय अनुसन्धान पनि हुन सकेको छैन' एड्भोकेसी फोरमका कार्यक्रम संयोजक ओम प्रकाश सेन ठकुरीले भने । 'निराशाका साथ भन्नु पर्छ, यो मात्रै यस्तो मुद्दा होइन, एड्भोकेसी फोरमले द्वन्दकालका यस्ता धेरै पिडित व्यक्तिहरुसंग कार्य गर्दै आएको छ जो अझै न्यायको खोजिमा छन् । हामी नेपाल सरकारलाई यस मुद्दामा मानवअधिकार समितिद्वारा गरिएका सम्पुर्ण सिफारिसहरु पुर्ण रुपमा कार्यान्वयन गरी न्यायको पर्खाइमा रहेका अन्य पीडितहरुको मुद्दामा पनि तत्काल कारवाही अगाडी बढाउन आग्रह गर्दछौं ।'

'व्यक्ति बेपत्ता पार्ने कार्य अन्तर्राष्ट्रिय अपराधहरु मध्येका सबैभन्दा गम्भिर प्रकृतिको अपराध हो । यसले पीडितहरुलाई बाह्य संसार र परिवारसंग सम्पर्क बिहिन गराई, असह्य पीडा दिएको हुन्छ, जसले आफ्ना प्रियजनहरु मरे बाँचेको कुरामा अनभिज्ञ रही जिवन जिउनु पर्दछ । तिनीहरुलाई के भइरहेको छ भन्ने कुरा जान्न पाउने र न्याय पाउने अधिकार छ ।" रिड्रस ट्रष्टका निर्देशक कार्ला फर्ट्सम्यानले भनिन ।

मानव अधिकार समितिले नेपाललाई आफ्नो सुझावहरु कार्यान्वयन गर्न चालेको कदमहरुको बारेमा १८० दिन भित्र जानकारी गराउन अनुरोध गरेको छ । समितिको पुरा निर्णय यहाँ उपलब्ध छ :

http://www.redress.org/downloads/ccprc114d2038201124030e.pdf

**थप जानकारीका लागि, सम्पर्क:** काठमाडौंका लागि, ओम प्रकाश सेन ठकुरी opsenthakuri@gmail.com अथवा ९७७-४४१२३४९/४४२५५६१/९८४१२७५७३२ (अंग्रेजी, नेपाली) लण्डनका लागि: इभा सान्चिस, रिड्रेस संचार अधिकृत, eva@redress.org अथवा ˙४४(०)२०७७९३१७७७ (अंग्रेजी)

**सम्पादकलाई महत्वपूर्ण जानकारी :**

मुद्दाका बारेमा थप जानकारी : यस मुद्दा धनी राम थारु, सोनु राम थारु, राधु लाल थारु, प्रेम प्रकाश थारु, कमला थारु, मोहन थारु, लौती थारु र चील्लु थारुलाई बेपत्ता पारिएको घटनासंग सम्बन्धित छ । उमेर सानो भएता पनि, बेपत्ता पारिएको समयमा ति ८ मध्ये ६ जनाको काँधमा परिकारको पालनपोषण गर्ने जिम्मेवारी थियो । तीन जना निमार्ण कार्य गर्दथे, एक सिकर्मी काम गर्दथे र अर्को एक पीडित स्थानीय जमिनदारकोमा मजदुरी गर्दथे । तिनीहरु आंशिक रुपमा किसानी पनि गर्दथे । तीन जना पीडीतहरु बिवाहित थिए भने २ जना उमेर नपुगेका बालक थिए । पीडित मध्य एकजना कक्षा ७ मा अध्ययनरत थिए र परिवारसंग बस्दथे ।

५० किलो मिटर वरपरको सबै सैनिक सिविरहरुमा बारम्बार खोजी गर्दा र सम्बन्धित अधिकारीहरुसंग भेट गर्दा पनि ती ८ युवाहरुका बारेमा निजका परिवारहरुले यतिका बर्षसम्म पनि बेपत्ता आफन्तको बारेमा कुनै जानकारी पाउँन सकेका छैनन । सन् २००३ मा एडभोकेसी फोरमले पीडीत परिवारहरुलाई सर्वोच्च अदालतमा बन्दि प्रत्यक्षीकरणको रीट दायर गर्नमा सहयोग गरेको थियो । सबै प्रतिवादीहरुले ती युवाहरुलाई

थुनामा राखेको कुरा ईन्कार गरेर सर्वोच्च अदालतमा लिखित जवाफ लगाएका थिए । २००४ र २००५ मा सर्वोच्च अदालतद्वारा गरिएका निर्णयहरुले पिडित परिवारले प्रत्येक युवालाई कसले पक्राउ गरेको थियो र कहाँ थुनामा राखेको थियो भन्ने खुलाउन नसकेको आधार देखाउदै पीडित परिवारले दायर गरेको उक्त रीट निवेदनलाई खारेज गरिदिएको थियो ।

२००६ मा सेनाले नेउपाने आयोग (नेपाल सरकारद्वारा बेपत्ताहरुको अवस्थाका वारेमा छानविन गर्न गठन गरिएको), अन्तराष्ट्रिय रेडक्रस समिति र राष्ट्र संघको नेपालका लागि मानव अधिकार उच्चायुक्तको कार्यालयले के भने भने, सात जना युवाहरु मनाउ नर्ससी जङ्गलमा माओवादीहरुसंगको दोहोरो भिडन्तमा मारिएका थिए । पीडीतका परिवारले पीडीतहरु भने सेनाको निगरानीमा बिना हतियार घरबाट गएको भन्दै सेनाको उत्त भनाइलाई खण्डन गरेका छन् ।

पीडितका परिवारहरुले उपलब्ध राष्ट्रिय र प्रशासकीय उपचारका बाटोहरुको समाप्ति पश्चात २०११ मा मानव अधिकार समितिमा मुद्दा दायर गरेका हुन् । समितिले आफ्नो विचार १५ जुलाई २०१५ मा अनुमोदन गरेको हो तर उक्त विचारलाई भर्खरै मात्र सार्वजनिक गरेको हो । समितिले नेपालद्वारा बाँच्न पाउने अधिकार र यातना तथा अन्य क्रुर तथा अमानवीय कार्य विरुद्दको अधिकार लगायत आईसीसीपीआरका विभिन्न धाराहरुको उल्लङ्घन भएको बताएको छ ।

राष्ट्र संघको मानव अधिकार समिति समक्ष दायर भएका अन्य मुद्दाहरु यो मुद्दा नेपाल सरकारको उदाशिनताका कारण राष्ट्र संघको मानव अधिकार समिति समक्ष एड्भोकेसी फोरम, रिड्रेस लगायत अन्य मानव अधिकारवादी संस्थाहरुले आन्तरिक द्वन्दकालमा भएका धेरै घटनाहरु मध्यको एक प्रतिनिधिमुलक घटना हो । यी मुद्दाहरुमा बेपत्ता, गैरन्यायीक हत्या, यातना, बलत्कार लगायत गम्भिर प्रकृतिका मानव अधिकार उल्लङ्घनहरुको विद्मानता रहेको पाइन्छ । त्यस मध्य ९ ओटा मुद्दामा फौजदारी न्याय प्रणाली अन्तरगत अनुसन्धान तथा कारवाही चलाउनु पर्ने भनी निर्णय भैसक्दा पनि हालको मिति सम्म सम्बन्धित अधिकारीहरुबाट कुनै प्रभावकारी कदम चालेको पाईएको छैन । मुद्धाको अनुन्धानको नगरि पिडित तथा तिनका परिवारहरुलाई सिमित मात्रामा मात्रै क्षतिपुर्ति रकम वितरण गरिएको पाईएको छ ।

सरकारले बारम्बार यी मुद्दाहरुमा फौजदारी अनुशन्धान नगरी सत्य निरुपण तथा मेलमिलाप आयोग र उच्च स्तरीय बेपत्ता आयोग द्वारा अनुशन्धान गरिने बताउँदै आएको छ । यी अंगहरुको स्थापना गर्न २०१४ मा बनेका ऐनहरुको संयुत्त राष्ट्र संघको नेपालका लागि मानव अधिकार उच्च आयुत्त र राष्ट्र संघका अन्य विशेषज्ञ अंगहरुले अन्तराष्ट्रिय दायित्वहरुको अनुपालन नगरी गम्भिर प्रकृतिका अन्तराष्ट्रिय अपराधका दोषीहरुलाई उन्मुत्ति दिने व्यवस्था गरेको बताएको छ ।

बर्दिया जिल्लामा भएका बेपत्ता कार्य राष्ट्र संघको नेपालका लागि मानव अधिकार उच्च आयुत्तको कार्यालय ( ओ एच सी एच आर) तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय मानव अधिकारवादी संस्थाहरुको प्रतिवेदन अनुसार बर्दीया जिल्लामा सबै भन्दा बढी संख्यामा बेपत्ता गर्ने कार्य भएको थियो । ओ एच सी एच आर नेपालले बर्दीया जिल्लामा २०० बेपत्ताको जानकारी प्राप्त गरेको थियो, र अन्य मानव अधिकारवादीहरुले यो संख्या २४० रहेको बताएको छ । यो संख्या नेपाल भर बेपत्ता पारिएका व्यत्तिहरुको संख्याको झण्डै २० प्रतिशत हुन आउँछ । थारु जनजाती समुदायले बर्दीया जिल्लाको ५२ प्रतिशत जनसंख्या ओघट्दछ । द्वन्दकालमा बर्दिया जिल्लामा थारु समुदायलाई निशाना बनाईएको थियो । ओएचसीएचआर-नेपालको तथ्याङ्क अनुसार बर्दीया जिल्लामा बेपत्ता पारिएको संख्याको ८५ प्रतिशत भन्दा बढी संख्या थारु समुदायका व्यत्तिहरुको थियो । यसैगरि संयुक्त राष्ट्र संघीय जबरजस्ती बेपत्ता पार्ने कार्य सम्बन्धी कार्य समुहले २००६ मा अनुसन्धान गरेका १६० मुद्दा मध्य १०९ मुद्दाहरु थारु समुदायका व्यक्तिहरुको थिए जसलाई सेनाहरुले बेपत्ता पारेका थिए ।